IGI PRUDENTIAL
INSURANCE LIMITED

सुरक्षाको पूर्वाधार, भविष्यको आधार

आइजीआई प्रुडेन्सियल ५५/८२/८३

मितिः २०८२/०९/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा,
सिंहदरबार, काठमाडौं ।

**विषयः बार्षिक साधारण सभाको निर्णय माइन्युट पठाइएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२ साल पुस २४ गते आर्थिक बर्ष २०८१/८२ को २८औं बार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु । उक्त साधारण सभाको निर्णय माइन्युट तहाँको जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

सधन्यवाद ।

भवदीय,

उमा जोशी
कम्पनी सचिव

**संलग्नः बार्षिक साधारण सभाको निर्णय माइन्युट - थान १** पाना (१२)

# आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको
# २८औं बार्षिक साधारण सभा निर्णय पुस्तिका

## मिति २०८२ पुस २४ गते सम्पन्न
## २८औं बार्षिक साधारण सभा

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड
नारायणचौर, नक्साल, काठमाडौं

मिति २०८२ पुस २४

आम्रपाली बैङ्केट, भाटभटेनी काठमाडौंमा सम्पन्न भएको

२८औं बार्षिक साधारण सभा निर्णय पुस्तिका

विषयसूची


| विषय | पाना न. |
|---|---|
| १. बैधानिक सभा | १ |
| २. बार्षिक साधारण सभाको मिति, समय र स्थान | १ |
| ३. सभाको सूचना | १ |
| ४. सभामा प्रस्तुत भएका छलफलका विषयहरू | १-२ |
| क) सामान्य प्रस्तावहरू | |
| ख) विशेष प्रस्तावहरू | |
| ५. साधारण सभा सम्बन्धि कार्यक्रम | २-३ |
| क) सभामा उपस्थिति | |
| ख) कम्पनीको व्यवस्थापन तर्फबाट उपस्थिति | |
| घ) अन्य | |
| ङ) शेयरधनीहरू | |
| ६. सभाका गणपुरक सँख्या | ३ |
| ७. सभाको बैधानिकता | ३ |
| ८. सभाको कारवाहि तथा सभाअध्यक्षता सम्बन्धमा | ३ |
| ९. अध्यक्षबाट शेयरधनीहरूलाई सम्बोधन सहित बार्षिक प्रतिवेदन प्रस्तुत | ४ |
| १०. बार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावबाट जिज्ञासा, राय एवं सुझाव | ४-१० |
| ११. शेयरधनी सदस्यबाट प्राप्त सुझाव एवं जिज्ञासाको अध्यक्षबाट सम्बोधन | १० |
| १२. प्रस्ताव उपर सभाको निर्णय | १०-१२ |

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

**बीमा ऐन, २०७९ को परिच्छेद ४ बमोजिम इजाजतपत्र प्राप्त**
**आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंको**

**मिति २०८२/०९/२४ गते बिहिबार तदनुसार ८ जनवरी, २०२६ का दिन सम्पन्न**
**<u>२८ औं वार्षिक साधारणसभाको निर्णय पुस्तिका</u>**

१) **बैधानिक सभा :**

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नवशाल, काठमाडौंको मिति २०८२/०९/०२ गते बसेको सञ्चालक समितिको ४१औं बैठकको निर्णयानुसार मिति २०८२ साल पुस २४ गते विहिबारका दिन आम्रपाली बैङ्केट, भाटभटेनी काठमाडौंमा कम्पनीको २८औं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ र यस कम्पनीको नियमावलीको नियम ९ बमोजिम संचालित बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूको सभाध्यक्षतामा सम्पन्न भएको थियो । उक्त सभामा देहायका प्रस्तावहरू उपर देहाय वमोजिमको छलफल तथा निर्णय गरियो ।

२) **२८ औ वार्षिक साधारण सभाको मिति, समय र स्थान :**

मिति: २०८२ साल पुस २४ गते विहिबार (तद्नुसार ८ जनवरी, २०२६)
समय: विहान १०:०० बजे
स्थान: आम्रपालि बैङ्केट, भाटभटेनी, नक्साल, काठमाडौं ।

३) **सभाको सूचना :**

क) कम्पनीको मिति २०८२ साल पुस २ गते बसेको सञ्चालक समितिको ४१औं बैठकको निर्णयानुसार २८औं वार्षिक साधारण सभा मिति २०८२ साल पुस २४ गते विहिबारका दिन बस्ने सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ९ को उपनियम (ख) (४) को प्रावधान अनुसार सभाको छलफलका विषय सहित संलग्न गरी विवरण खुलाई मिति २०८२/०९/०३ मा पहिलो पटक र २०८२/०९/१७ गते दोस्रो पटक कारोवार राष्ट्रिय दैनिकमा साधारण सभा बस्ने बारेको सूचना प्रकाशित गरिएको थियो । साथै कम्पनीको आफ्नो website समेतमा वार्षिक साधारण सभा सम्वन्धी सूचना प्रकाशित गरिएको थियो ।

ख) नेपाल वीमा प्राधिकरण, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस तथा क्लियरीङ लि., ग्लोवल आइएमई क्यापिटल लि. समेतलाई साधारण सभाको जानकारी गराईएको र सभामा परिवेक्षणका लागि पत्रमार्फत आमन्त्रण गरिएको थियो ।

ग) साधारण सभामा कम्पनीको आर्थिक बर्ष २०८१/०८२ का लागि नियुक्त लेखापरिक्षक श्री रमन उप्रेती साझेदार एम आर यु एशोसिएट् चार्टर्ड एकाउण्टेण्ट् र कम्पनीका कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री लिलामणी पौडेलज्यूलाई पनि पत्रमार्फत सभामा आमन्त्रित गरिएको थियो ।

४) **सभामा प्रस्तुत भएका छलफलका विषयहरू :**

**क. सामान्य प्रस्तावहरुः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत भएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन ।

Signed by:
1FE7B55FFEAC4F4...

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

(२) आ.व.२०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।

(३) संचालक नियुक्तिको अनुमोदन सम्बन्धमा ।

(४) कम्पनीको हाल कायम चुक्ता पूंजी रू.३,०२,९३,३४,६३९।- (अक्षरेपी तीन अरब दुई करोड त्रियानब्बे लाख चौतिस हजार छ सय उनान्चालिस मात्र) को ५ प्रतिशतका दरले हुन आउने रू.१५,१४,६६,७३१।९५।- (अक्षरेपी पन्ध्र करोड चौध लाख छैसट्ठी हजार सात सय एकतिस र पैसा पन्चानब्बे)(नगद लाभांशमा लाग्ने कर समेत) नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।

(५) आ.व.२०८२/८३ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने (हालको लेखापरिक्षक MRU Associates पुनः नियुक्त हुन सक्ने) सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु:**

(१) कम्पनीको नियमावलीको नियम ९(छ)(२) संशोधन गर्ने सम्बन्धमा ।

(२) कम्पनीको प्रवन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सन्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध**

५) **साधारण सभा सम्वन्धी कार्यक्रम :**

**सभामा उपस्थिति :**

**क) संचालक समिति**

| | |
|---|---|
| हेम राज ढकाल | अध्यक्ष |
| विशाल अग्रवाल | संचालक |
| अम्विका प्रसाद पौडेल | संचालक |
| कृति टिवडेवाल | संचालक |
| अमित अग्रवाल | संचालक |
| उमाकान्त आचार्य | संचालक |
| कृष्ण प्रसाद शर्मा | संचालक |

**ख) कम्पनी सचिव**

उमा जोशी

**ग) कम्पनीको व्यवस्थापन तर्फबाट उपस्थिति**

| | |
|---|---|
| युगेशभक्त वादे श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| शरण रेग्मी | नायव प्रमुख कार्यकारी अधिकृत |
| प्रवल ढकाल | सहायक महाप्रवन्धक तथा वित्त विभाग प्रमुख |



Signed by:
1FE7B55FFEAC4F4...

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

घ) अन्य

लेखापरिक्षक श्री रमन उप्रेती साझेदार एम आर यु एशोसिएट् चार्टर्ड एकाउण्टेण्ट्
कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता लिलामणि पौडेल

ङ) शेयरधनीहरू

| | |
|---|---|
| जम्मा उपस्थित शेयरधनी संख्या | ४४६ जना |
| स्वयम् उपस्थित शेयरधनी संख्या | २८६ जना |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | १६० जना |

६) **सभाको गणपुरक संख्या :**

| | |
|---|---|
| १) कुल शेयर सँख्या (सँख्यामा) | ३,०२,९३,३४६.२० |
| २) जम्मा उपस्थिति शेयर सँख्या (सँख्यामा) | २,०५,९९,४७५.०० |
| ३) जम्मा उपस्थित शेयरधनी सँख्या | २८६ |
| स्वयम् उपस्थित शेयरधनी सँख्या | १६० |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित शेयरधनी सँख्या | १२० |
| ४) जम्मा शेयरको प्रतिनिधित्व (सँख्यामा) | २,०५,९९,४७५.०० |
| ५) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) | ६८.०० |
| शेयरधनीहरू स्वयं | २८६ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) | १६० |

७) **सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम ९ उपनियम (ख) बमोजिम सभा बोलाईएको र सभाको लागि आवश्यक गणपुरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम ९ को उपनियम (छ)(२) बमोजिम शेयर संख्याको ५१ प्रतिशत उपस्थिति हुनु पर्नेमा कुल शेयर संख्याको ६८ प्रतिशतको उपस्थिति भएको र सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले अवगत गराए पश्चात सभाको कार्यक्रम विहान १०:०० बजेबाट शुरू भयो ।

८) **सभाको कारवाही तथा सभाध्यक्षता :**

कम्पनी सचिवद्धारा सम्पूर्ण सहभागीहरूलाई स्वागत सहित सभामा सहभागी सञ्चालक, आमन्त्रित अतिथि लगायत सम्पूर्णलाई आशन ग्रहण गराई सभाको कार्यक्रम शुरू भएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र यस कम्पनीको नियमावलीको नियम ९ उपनियम छ (५) बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्षले साधारण सभाको सभाध्यक्षता गर्ने व्यवस्था रहेकोले कम्पनी सचिवले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूबाट सभाको सभाध्यक्षता गराई वार्षिक साधारण सभालाई औपचारिकता प्रदान गरिएको थियो ।

सभाका सभाध्यक्ष तथा कम्पनीको संचालक समितिका अध्यक्षद्धारा पानसमा बत्ती बालेर सभालाई औपचारीकता प्रदान गरिएको थियो ।

सम्पूर्ण सहभागीहरूबाट राष्ट्रिय गानमा सहभागी भई सभालाई विधिवत रूपमा शुरू गरिएको थियो ।

Signed by:
1FE7B55FFEAC4F4...



आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि.
काठमाडौं

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

## ९) अध्यक्षबाट शेयरधनीहरूलाई सम्बोधन सहित वार्षिक प्रतिवेदन प्रस्तुत :

कम्पनीका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री हेम राज ढकालज्यूले कम्पनीको तर्फबाट शेयरधनी सदस्यहरूलाई सम्बोधन सहित कम्पनीको आ.ब. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । स्वागत मन्तव्य तथा वार्षिक प्रतिवेदन प्रस्तुतीको क्रममा उहाँले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, नियमनकारी नियकायहरूबाट उपस्थित पर्यवेक्षक प्रतिनिधिहरू पत्रकार महोदय तथा आमन्त्रित सम्पूर्णलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्नुभयो ।

मन्तव्यको क्रममा शुरूमा बीमाको महत्वको सम्बन्धमा आफ्नो धारणा राख्दै । बीमाले व्यक्तिको जीवन, सम्पत्ति, व्यवसाय र दायित्वको रक्षावरण गरी सम्भावित प्राकृतिक तथा मानव सिर्जित जोखिमबाट हुन सक्ने आर्थिक संकटका लागि सुरक्षा प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरि आएको र राष्ट्रको अर्थतन्त्रको अवस्था, व्यवसायको बृद्धि र आकारको आँकलन गर्दा बीमा बजारको विकास र सफलताको स्तरलाई हेरिने गरिन्छ भन्ने धारणा राख्नु भयो र बीमा बजारको स्थायित्व, विश्वसनीयता कायम राख्दै बीमा बजारको विकास र विस्तारका लागि प्रयासरत रहदै कम्पनीले २८औ वर्ष व्यतित गरि सकेको विषयमा सभालाई जानकारी गराउनु भयो । बीमा बजारलाई स्वच्छ, पारदर्शी तथा भरपर्दो बनाई बीमितको हकहित संरक्षण गर्ने दायित्व निर्वाहमा कम्पनी निरन्तर प्रयासरत रहेको र यस क्रममा सदा साथ र सहयोग गर्नुहुने सम्पूर्ण ग्राहक महानुभाव, आदरणीय शेयरधनी महानुभावहरू, उचित मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण नियामक निकायहरू, पत्रकार महोदय र कम्पनीका समस्त कर्मचारी साथिहरू प्रतिसम्मानित सभामार्फत हार्दिक आभार व्यक्त गर्नु भएको थियो ।

समीक्षा वर्ष कम्पनीका लागि अवसर र चुनौती दुवैको वर्ष रहेको र नेपालको बीमा बजारमा बढ्दो प्रतिस्पर्धा, बदलिंदो नियामक नीति र अनिश्चितता बिच पनि कम्पनीले स्थिर प्रगति गर्न सफल भएको जानकारी गराउनु भयो । सोही सन्दर्भमा कम्पनीले अवलम्बन गरेको प्रभावकारी नीति, दुरदर्शी निर्णय, चुस्त कार्यसम्पादन, प्रभावकारी निर्णय कार्यान्वयन तथा सूचनाप्रविधिको विकास, विस्तार र संयोजन उपयुक्त समयसापेक्ष रहेको हुँदा कम्पनीको व्यवसाय प्रगतिउन्मुख रुपमा अघि बढिरहेको जानकारी गराउनु भएको थियो । तिब्र प्रतिस्पर्धात्मक बजार, सेवाग्राहीको बढ्दो आकांक्षा तथा प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै कम्पनीले प्रवाह गर्ने सेवाहरूलाई आगामी दिनमा पूर्ण डिजिटाइज गरीसहज र सरल माध्यमबाट सेवा प्रदान गर्ने तर्फ कम्पनी थप क्रियाशिल रहने जानकारी समेत सभालाई गराउनु भयो ।

अन्त्यमा, सम्पूर्ण सहभागीहरूलाई मार्गदर्शन, सल्लाह तथा सुझावका लागि सञ्चालक समितिको तर्फबाट धन्यवाद सहित आभार व्यक्त गर्नु भयो । कम्पनीले प्रवाह गर्ने सेवा प्रति देखाएको भरोसा एवम् साथका लागि समस्त ग्राहकहरू लगायत सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग र भरोसाको अपेक्षा एवम् विश्वास रहेको धारणा व्यक्त गर्नुभयो ।

## १०) वार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावबाट जिज्ञासा, राय एवं सुझाव प्रस्तुत :

अध्यक्षबाट साधारणसभामा प्रतिवेदन पेश भए पश्चात वार्षिक प्रतिवेदन तथा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरू माथि सभामा उपस्थित शेयरधनी सदस्यहरूबाट जिज्ञासा, राय, सुझाव प्राप्त भएका थिए ।

समग्रमा शेयरधनी सदस्यहरूले कम्पनीको काम कारवाही, वार्षिक प्रतिवेदनमा रहेको वित्तिय विवरण र यस आर्थिक वर्षमा कम्पनीले गरेको प्रगतिको उच्चप्रशंसा गर्नु भएको थियो । शेयरधनी सदस्यहरूले कम्पनीले यस वर्ष प्रदान गरेको नगद लाभांशको स्वागत गर्दै धन्यवाद व्यक्त गर्नुभएको थियो । निरन्तर

Signed by:
1FE7B55FFEAC4F4...

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

व्यवसाय वृद्धिमा सफलता हासिल गरेकोमा सम्पूर्ण संचालक लगायत, व्यवस्थापन र कर्मचारीहरूको काम कारवाहीको सराहना गर्नुभयो ।

साथै शेयरधनीहरूबाट आगामी बर्षमा उच्चतम प्रतिफल प्रदान गर्ने गरी कार्य गर्न गराउन सुझाव दिनुभयो । बार्षिक प्रतिवेदनलाई औल्याउदै खर्चमा मितव्ययिता अपनाउनु पर्ने प्रतिक्रिया समेत प्राप्त भएको थियो । साधारण सभा आयोजना गर्दा सम्भव भएसम्म अधिकाश शेयरधनिलाई सहभागि गराउने किसिमले आयोजन गर्नका लागि सुझाव प्राप्त भएको थियो । छलफलमा बाइस (२२) जना शेयरधनीहरूले आफ्ना जिज्ञासा तथा सुझाव राख्नु भयो । शेयरधनी सदस्यबाट व्यक्त भएका सुझावकहरूको विस्तृत अंश देहाय बमोजिम रहेको छ ।

**शेयरधनी सदस्यबाट व्यक्त भएका धारणा तथा सुझावहरू :**

**१. श्री व्यास कुमार शर्मा**

- यो आर्थिक बर्ष पनि व्यवसायिक रूपले विषम परिस्थिति हुँदाहुदै पनि सफलता पूर्वक वित्तिय विवरण पेश गर्नु भएको छ सराहनीय छ ।
- कम्पनीको networth राम्रो छ । यसलाई अझै वढाउनु होस तर व्यापार केन्द्रित भएर वढाउदा राम्रो हुन्छ भनि आफ्नो धारणा व्यक्त गर्नुभयो । नयाँ भवन निर्माण कार्य सम्पन्न भै अन्तिम चरणमा पुगेको थाहा पाउंदा शेयरधनीहरू खुशि भएका छौ भनि धारणा व्यक्त गर्नु भयो ।
- कम्पनीको २८औ वार्षिक साधारण सभा भएतापनि यो उपलब्धि भनेको १०औं बर्ष देखिको अथक मेहनत हो । कम्पनीलाई जसरी यो स्थानमा स्थापित गराउनु भएको छ सो पक्ष सराहनीय रहेको छ भन्नुभयो ।
- कम्पनीको मानव स्रोतलाई दिर्घकालसम्म स्थायित्व रहने गरि आकर्षक सेवा, सुविधा, वृति विकासका लागि आवश्यक योजना बनाउन सुझाव दिनुभयो ।
- जेन-जी आन्दोलनका क्रममा कम्पनीमा परेको बीमा दावी भुक्तानीमा विशेष योजना सहित कार्य गर्न सुझाव दिनुभयो ।

**२. श्री राम गोपाल महर्जन**

- कम्पनीले लगानी गरेको क्षेत्रहरू उपयुक्त र स्वागत योग्य छ । त्यसै गरी कम्पनीले प्रदान गरेको नगद लाभांश स्वागत योग्य छ भनि आफ्नो धारणा राख्नुभयो ।
- २८ औं वार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्नुभयो ।

**३. श्री गुणराज भट्ट (लिखित)**

- कम्पनीले बार्षिक प्रतिवेदनमा प्रस्तावित गरेको सबै प्रस्तावहरूको समर्थन गर्दै २८औ बार्षिक साधारण-सभाको सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्तगर्नु भयो ।
- समग्र आर्थिक अवस्था ओरालो लागेको समयमा पनि कम्पनीले ५ प्रतिशतले लाभांश वितरण गर्ने निर्णय गरेको विषय राम्रो रहेको भन्दै हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।
- कम्पनी सचिव लगायत अन्य कर्मचारीले अत्यन्तै सुमधुर शालिन व्यवहार गरेको देख्दा बीमा व्यापार विभागका अन्य कर्मचारीहरूले पनि ग्राहकहरूसंग यस्तै नम्र व्यवहार गरेको खण्डमा हाम्रो कम्पनी नेपालको न. १ बीमा कम्पनी हुने कुरामा दुईमत हुन सक्तैन भनि ग्राहक संग सुमधुर सम्वन्ध विस्तार गर्न सुझाव दिनुभयो ।

Signed by:
1FE7B55FFEAC4F4...

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

- कम्पनीमा कार्यरत कर्मचारीलाईलाई अझ उत्कृष्ट बनाउन कर्मचारीको सेवा, सुविधा, तालिम तथा पदोन्नतिको अवसर प्रदान गर्न सुझाव दिनुभयो । यसले कम्पनीको प्रगतिमा उल्लेख्य योगदान दिने धारणा व्यक्त गर्नुभयो ।

**४. श्री उद्धव प्रसाद घिमिरे (लिखित)**

- साधारण सभा समयमै सम्पन्न गरेकामा धन्यवाद व्यक्त गर्नुभयो । लाभांश नीति राम्रो छ यसका लागि धन्यवाद र बार्षिक प्रतिवेदनमा प्रस्तावित विशेष तथा सामान्य प्रस्ताव मेरो तर्फबाट स्वागत योग्य छ ।
- बाह्रय लेखा प्रणाली चुस्तदुरूस्त र पारदर्शिता होस् भनि ध्यानर्कषण गराउनु भयो ।
- अहिलेको लेखाप्रणाली ICAN ले दिएका निर्देशनहरू र NFRS System को वार्षिक प्रतिवेदन तयार भएको स्वागत योग्य छ ।
- लगानीको क्षेत्रमा थप विस्तार गर्नुपर्ने देखिएको छ । यसको लागि अनुभवी सञ्चालक, व्यवस्थापन र सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु भन्दै बीमा बजारसंग प्रतिस्पर्धात्मक तरिकाले अगाडि बढाउनु पर्दछ भनि सुझाव दिनुभयो ।
- समय सापेक्ष कम्पनीको सेवालाई प्रविधिमैत्री बनाउदै लगेको बिषय सराहनिय छ । कम्पनीले संचालनमा ल्याएको स्वास्थ्य बीमा योजनाको सफलताको लागि हरेक ग्रामिण तहसम्म पुऱ्याउदा उपयुक्त हुन्छ भनि सुझाव दिनुभयो ।
- बीमाङ्कि विवरण प्रभावकारी हुनु पर्दछ र अन्डरराईटिङ्ग विभागमा अझवढि सुधार हुन जरूरी रहेको छ भनि औंल्याउनु भयो ।

**५. श्री जगन्नाथ आचार्य (लिखित)**

- कम्पनीको बार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो । कम्पनीले प्रदान गरेको आ. व. २०८१।८२ को मुनाफाबाट आफ्ना शेयर धनीहरूलाई ५ प्रतिशत नगद लाभाँश उत्साहप्रद नभए तापनि लाभांश नगदको रूपमा प्राप्त भएकोमा खुशि व्यक्त गर्नुभयो ।
- अधिकाँश बीमा कम्पनीले जगेडामा भएको ठूलो परिणामको रकमलाई बैंक तथा वित्तिय सस्थामा मुद्धती वचतको रूपमा जम्मा गरी आम्दानी देखाइरहेकोमा हाल बैंकले दिने व्याज दरमा अत्याधिक ह्रास आइरहेको हुदा आम्दानीमा संकुचन आउन सक्ने देखिएकोले आजको प्रतिस्पर्धात्मक समयमा वजारीकरणमा जोड दिएर नयाँ योजना लिएर अघि बढ्नु सुझाव दिनुभयो ।
- चालु आ.व. मा जेन-जी आन्दोलनका कारण निर्जिवन बीमा कम्पनीमा वढन गएको बीमा दावीले व्यवसायी तथा बीमा कम्पनीहरूलाई नराम्रो धक्का पुग्न गएको छ । भविष्यमा पनि यस्ता घटना दोहोरिन सक्ने सम्भावना रहेकोले कम्पनीहरूले सम्भावित चुनौतिलाई के-कसरी सम्वोधन गर्ने उपयुक्त रणनीति तय गर्न सुझाव दिनुभयो ।
- निर्दिष्ट समयावधि भित्र साधारण सभा सम्पन्न गर्न उल्लेख्य भुमिका निर्वाह गर्ने कर्मचारीको मनोबल अझै दृढ बनाउनका लागि कर्मचारीहरूलाई उत्साहित हुने बातावरण निर्माण गर्न सुझाव दिनु भयो ।
- संस्थागत सामाजिक उत्तरदायित्वको लागि मुनाफाको १ प्रतिशतले हुनआउने रकम प्रयोग तर्फ सजग रहि खर्च गर्न सुझाव दिनुभयो ।

**६. श्री भेषराज भण्डारी (लिखित)**

- समीक्षा वर्ष २०८१।०८२ को वित्तिय सूचकहरू माथि दृष्टि लगाउदा कुल आम्दानी घटेको हुँदा यसमा ध्याद दिन सुझाव दिनुभयो ।
- चालु आ.व. मा देशमा भएको जेन-जी आन्दोलनको सवैभन्दा ठूलो भार निर्जिवन बीमा क्षेत्रमा परेको छ । यस चुनौतीको सामान गर्दै अगाडि बढन हौसला दिनुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं



Signed by:
1FE7B55FFEAC4F4...

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

७. श्री नरसिंह लाल चखुँ (लिखित)
- कम्पंनीको वार्षिक प्रतिवेदनवाट कम्पंनीको प्रगतिलाई नियमितता दिएको छ । नगद लाभांशको लागि कम्पनीको सबै पक्षप्रति आभार प्रकट गर्नुभयो ।
- कम्पनीले ग्राहक मुखी सेवा, उपयुक्त वजार व्यवस्थापन, नाफा मुखि व्यवसायका रूपले अगाडि वढेको हुँदा कम्पनीले आफ्नो छुटै पहिचान बनाउन सफल भएको भनि प्रशंसा व्यक्त गर्नुभयो । साथै आफ्ना शेयरधनीसग पनि सम्वन्ध विकास व्यवस्थापनले विशेष ध्यान दिनुपर्छ भन्ने सुझाव दिनुभयो ।
- वजारमुखी, नाफामुखी एवं परिणाममुखी व्यवस्थापनमा जोड दिएर प्रभावकारी व्यवस्थापन शैलीलाई प्रोत्साहन गर्दै जानुपर्छ भन्ने सुझाव दिनुभयो ।
- व्यापारको तौरतरिकालाई समयानुकुल परियार्जन गर्दै व्यापार वृद्धिमा अझ वढिजोड दिन सुझाव दिनुभयो । अन्य इन्स्योरेन्स कम्पनी भन्दा आफू परिमार्जीत र परिस्कृत ढाँचाले वीमा वजारमा प्रस्तुत हुन सुझाव दिनुभयो ।
- शिक्षा पूर्वाधार पर्यटन, हस्पिटालिट क्षेत्र तिर पनि लगानी गर्न सुझाव दिनुभयो ।

८. श्री चन्द्र नारायण श्रेष्ठ (लिखित)
- अनेकौ चुनौनिका वावजुद पनि नगद लाभाशं प्रदान गरेको बिषय स्वागत योग्य भएको विचार व्यक्त गर्नु भयो । निर्जीवन बीमा कम्पनी मध्ये कम्पनीले आफुलाई उचाईमा राखेको धारण राख्नु भयो ।
- कम्पनीले आर्जन गरेको सफलता स्वागत योग्य छ भन्नु भयो । साथै आम्दानी बढि गर्दा जोखिम समेत सोहि अनुसारले वहन गर्नुपर्ने विषयलाई मनन गरी जोखिमका विषयमा सजग भई व्यवसाय गर्न कम्पनीलाई सुझाव दिनुभयो ।
- NFRS System मा वार्षिक प्रतिवेदन तयार भएको स्वागत योग्य छ ।

९. श्री बैजनाथ रौनियार (लिखित)
- कम्पनीको २८औं वार्षिक साधारण सभाको सफलताको कामना गर्नु भयो । शेयरधनीलाई प्रदान गरिएको नगद लाभाशं स्वागत योग्य रहेको विचार व्यक्त गर्नुभयो । अध्यक्षको मन्तव्य समसामयिक, सारयुक्त संक्षिप्त र स्पष्ट रहेको भनि प्रसंशा गर्नु भयो ।
- कम्पंनीको लेखापरिक्षण समयमा सम्पन्न गर्न कम्पनी साथै लेखापरिक्षकले पनि अघिसरी समयमा लेखापरिक्षण सकेर वार्षिक साधारणसभा सम्पन्न गरि कम्पनीलाई जरिवानावाट जोगाउनु भएकोमा बधाई दिनुभयो ।
- बीमा सचेतना सम्वन्धी कार्यलाई निरन्तरता दिई धेरै भन्दा धेरै जनमानसलाई बीमाको दायरामा ल्याउन सुझाव दिनुभयो । कम्पनीले स्थानिय स्तरमा रहेका संस्थाहरूसंग सहकार्य गरि बीमा व्यवसायको पहुँच विस्तार र सचेतना अभिवृद्धि गर्न सुझाव दिनु भयो ।

१०. श्री उत्तमदत्त पाण्डे (लिखित)
- आर्थिक संकट विचमा पनि कम्पनीले हासिल गरेको उपलब्धि सराहनीय रहेको भन्नुभयो र उहाँले संचालक समितिमा प्रतिनिधित्व गर्ने व्यक्तित्वहरू अनुभव रहेको भनि प्रसंशा समेत गर्नुभयो । साधारण सभाको सफलताको कामना गर्नुभयो ।
- बीमाशुल्क संकलन उल्लेख्य मात्रमा नभए पनि निरन्तर बृद्धि उन्मुख रहेको हुँदा सराहनीय रहेको विचार राख्नु भयो । भने एक वर्ष लाभांश वितरण नगरेर कम्पनीको जगेडा कोषलाई वढाउन उपयुक्त हुने सुझाव दिनु भयो ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकम उपयुक्त ठाँउमा प्रयोग गर्नका लागि सुझाव दिनुभयो ।

Signed by:
1FE7B55FFEAC4F4...

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

**११. श्री ब्रहमदेव शाक्य (लिखित)**

- सामान्य प्रताव न.१ अन्तर्गत संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुभएको प्रतिबेदन समसामयीक र यथार्थपरक रहेको छ भन्नुभयो । पेश भएका सम्पूर्ण प्रस्तावहरू माथि पुर्ण समर्थन रहेको धारणा व्यक्तगर्नु भयो ।
- अध्यक्षज्युले आफ्नो मन्तव्यमा कम्पनीको आफ्नै ११ तल्लाको व्यवसायिक भवन निर्माणको अन्तिम चरणमा रहेको र यसै बर्ष कम्पनीले नयाँ भवनबाट कार्य सुचारू गर्ने भन्ने विषयले आम्दानी वृद्धि हुने विश्वास बढेको जानकारी गराउनुभयो ।
- अन्तमा कम्पनीको उन्नति र प्रगतिको लागि काम गर्नुहुने संचालक समिति, व्यवस्थापन समुह, कर्मचारी वर्ग, बीमा अभिकर्ता एवं सर्भेयरहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

**१३. श्री सुदिप श्रेष्ठ (लिखित)**

- निर्जीबन बीमाको क्षेत्रमा झण्डै तिनदशक लामो समय व्यतित गरेको यस कम्पनीले अनुभव संचालक समिति र कुशल व्यवस्थापकीय नेतृत्व पाएकोले गर्दा सफल कम्पनीको रूपमा स्थापित रहेको धारण राख्नुभयो ॥
- कम्पनीले शेयरधनीलाई प्रतिफल स्वरूप प्रदान गरेको नगद लाभांशको स्वागत गर्दै नगद लाभांशको सट्टा बोनस शेयर प्रदान गर्दा साना शेयरधनीहरू अझ बढी लाभान्वित हुने थिए भनि विचार व्यक्त गर्नु भयो ।
- सबै भन्दा बढि पूँजी भएको निर्जीवन बीमा कम्पनीको रूपमा स्थापित कम्पनीले ५ प्रतिशत भए पनि प्रतिफल प्रदान गरेको स्वागत योग्य छ आगामी दिनमा यो प्रतिशत बढाउन प्रयासरत रहन सुझाव दिनुभयो ।
- चालु आ.ब. मा जेन-जी आन्दोलनका कारण निर्जिवन बीमा कम्पनीमा बढन गएको बीमा दावीले व्यवसायी तथा बीमा कम्पनीहरूलाई नराम्रो धक्का पुग्न गएको छ । भविष्यमा पनि यस्ता घटना दोहोरिन सक्ने सम्भावना रहेकोले कम्पनीहरूले सम्भावित चुनौतिलाई के-कसरी सम्बोधन गर्ने उपयुक्त रणनीति तय गर्न सुझाव दिनुभयो ।

**१४. गोविन्द बहादुर के.सी. (लिखित)**

- कम्पनीको संचालक समिति, व्यवस्थापन र कर्मचारीको अथक मिहेनतले करिब ५ प्रतिशतको नगद लाभाशं प्राप्त गरेको विषयमा धन्यवाद व्यक्त गर्नुभयो । साथै आगामी बर्ष अझ वढि लाभाशं प्राप्त हुने गरि कम्पनीले कार्य गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।
- चुक्ता पूँजिको आधारमा कम्पनी एक नम्बरमा रहेको छ तर व्यापार लगायत अन्य सूचकहरूमा कम्पनी पछाडी रहेको र लाभाशं वितरणको हिसावले पनि तुलनात्मक रूपमा कम रहेकोले यस तर्फ सुधार गर्न सुझाव दिनुभयो ।
- कम्पनीमा कार्यरत सक्षम नेतृत्व र सफल व्यवस्थापन तथा संचालकबाट आगामी बर्षमा थप सफलता हासिल हुने गरि कार्य गर्न सुझाव दिनुभयो ।
- ग्राहकहरूलाई छिटो छरितो रूपमा दावी भुक्तानी हुने गरि कमंचारीहरूले सोहि हिसावले कार्य गर्न सुझाव दिनुभयो साथै सबै भन्दा उत्कृट कम्पनीको रूपमा बीमा बजारमा स्थापित गर्नका लागि मिहेनतका साथ कार्य गर्न सुझाव दिनुभयो ।

**१५. श्री डमरू बल्भ घिमिरे (लिखित)**

- साधारण सभाको सफलताको कामना गर्नुभयो र आगामी वर्षमा कम्पनीले थप प्रगति हासिल गर्न तर्फ लाग्ने सुझाव दिनुभयो । आगामी वर्षमा शेयरधनीलाई उच्चतम प्रतिफल प्रदान गर्न सुझाव दिनु भयो ।
- बार्षिक साधारण सभा निर्धारित समयमा सम्पन्न भएकोमा खुशि महसुस भएको छ भन्नुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

Signed by:
1FE7B55FFEAC4F4...

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

- अनेकौ चुनौतिका बाबुजुद पनि करिब ५ प्रतिशतको नगद लाभाशं प्रदान गरेको विषयमा धन्यवाद व्यक्त गर्नुभयो ।
- सबै नगद लाभाशं भन्दा पनि आगामि दिनमा २ डिजिटमा लाभाशं वितरण गरि ५०/५० बोनस र नगद लाभाशं प्रदान गर्ने किसिमले कम्पनीले व्यापारमा प्रगति गरोस भनि सुझाव दिनुभयो ।

## १६. श्री सुरेन्द्र चिमौरिया (लिखित)

- यस सभामा छलफलका लागि प्रस्तुत प्रस्तावमा समर्थन गर्नुभयो । नगद लाभांश वितरण गर्ने प्रस्तावको सहर्ष समर्थन गर्दछु भन्नुभयो साथै सोका लागि निरन्तर काम गर्ने सबैलाइं धन्यवाद ज्ञापन गर्नुभयो ।
- अनेकौ चुनौतिका बाबुजुद पनि करिब ५ प्रतिशतको नगद लाभाशं प्रदान गरेको विषयमा शेयरधनीहरूको सम्मान भएका भन्दै धन्यवाद व्यक्त गर्नुभयो ।

## १७. श्री अमिरदास रन्जित (लिखित)

- देशको आर्थिक स्थिति कम्जोर रहँदा रहदै पनि नगद लाभांश प्राप्त भएकोमा खुशि व्यक्त गर्नुभयो । विगत बर्षमा भन्दा समिक्षा वर्षमा नाफा वढी देखिएको बिषय सकारात्मक रहेको छ र कम्पनीले निरन्तर सफलता प्राप्त गर्दै गएको भनी प्रसंसा समेत गर्नुभयो ।
- जेन-जी आन्दोलनको क्रममा पर्न आएको दाबी फाइलको स्थिति के-कस्तो छ भनि जिज्ञासा राख्नु भयो ।
- कम्पनीको आम्दानी घटेको तर्फ विचार गरि बीमालेख विक्रिलाई क्रमसः बढाउदै लैजान सुझाव दिनु भयो ।
- साधारण सभाको सफलताको कामना गर्नुभयो र आगामी वर्षमा कम्पनीले थप प्रगति हासिल गर्न तर्फ लाग्नका लागि सुझाव दिनुभयो ।

## १८. श्री माधव प्रसाद सिमखडा (लिखित)

- साधारण सभाको सफलताको कामना गर्नुभयो । आगामी बर्षमा कम्पनीले थप प्रगति हासिल गर्नका लागि शुभकामना दिनुभयो ।
- हामी सर्वसाधारण तर्फका लगानीकर्ताले नाफाको उदेश्यले शेयरमा लगानी गरेका हुन्छौ । अतः कम्पनीले प्रदान गर्ने नगद लाभांश आगामी वर्षमा दुई अंकको वितरण गर्न सुझाव दिनु भयो ।
- जेन-जी आन्दोलनका कारण कम्पनीमा पर्न आएको दाबी संख्या के-कस्तो छ भनि जिज्ञासा राख्नु भयो । नयाँ बीमालेखहरू के-कस्ता छन भनि अर्को जिज्ञासा राख्नु भयो ।

## १९. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित)

- वार्षिक साधारण सभाको सफलताको शुभकामना गर्नुभयो । कम्पनीले आर्थिक वर्ष २०८१।८२ मा ५ नगद लाभांश दिन सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो
- वीमा बजारमा यस कम्पनीले भोलिका दिनमा आफनो बजारलाई अझ वढी सशक्त रूपले अगाडि बढाउन कम्पनीको के-कस्तो योजनाहरू छन् प्रष्ट पार्न आग्रह गर्नुभयो ।
- कम्पनीलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन सहयोग गर्ने कर्मचारीहरूप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै प्रस्तावमा पूर्ण समर्थन रहेको जनाउनु भयो ।

## २०. श्री दिवाकर खड्का

- कम्पनीले प्रदान गरेको ५ प्रतिशत नगद लाभांश सन्तोषजनक रहेको धारण राख्नुभयो ।
- समिक्षा अवधिमा कुल बीमालेख सख्यामा गिरावट देखिएकोले आगामि वर्षमा यस तर्फ ध्यानदिन सुझाव दिनुभयो ।

Signed by:
1FE7B55FFEAC4F4...



आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

- लगानी तर्फबाट प्रर्याप्त नाफा कसरी लिन सकिन्छ । त्यस तर्फ ध्यान दिन सुझाव दिनुभयो ।

२१. श्री कृष्ण प्रसाद अधिकारी (लिखित)

- कम्पनीले सफलता हासिल गरोस्, कम्पनीको उत्तरोत्तर प्रगती होस् साथै आगामी दिनमा अझ बढि सफलता मिलोस भनि कामना गर्नुभयो ।
- कम्पनीको साधारण सभाको मिति तय गर्दा आगामी दिनमा अर्को कम्पनीको साधारण सभासंग एकै दिन नपर्ने गरि मिति तय गर्न सुझाव दिनुभयो ।

२२. श्री निरूपमा गुप्ता (लिखित)

- कम्पनीले यस बर्ष प्रदान गरेको नगद लाभासंको स्वागत गर्नु भयो र आगामी बर्ष दुई अंकमा लाभासं प्राप्त हुने आशा व्यक्त गर्नु भयो ।
- आर्थिक सूचकहरू सकारात्मक र प्रशंसनिय रहेकोमा खुशी व्यक्त गर्नुभयो ।
- प्रतिवेदन अध्ययन गर्दा समय सापेक्ष खर्च वृद्धि स्वभाविक नै रहेको छ अतः खर्चमा मितव्ययिता रहेको देखिएको छ । आगामी बर्ष पनि यसै गरि खर्चमा मितव्ययि भई कार्य गर्न सुझाव दिनुभयो ।
- आगामी वर्ष कम्पनीलाई अझ बढी प्रगति उन्मूख बनाउन रणनीति र योजना के-कस्तो रहेको छ भनी जिज्ञासा राख्नु भयो ।
- कम्पनीको निर्माणाधिन भवन सम्पन्न हुने क्रममा रहेको र अब नयाँ बर्षमा कम्पनीको आफ्नै नयाँ भवनबाट कार्य आरम्भ हुने विषयमा खुशि व्यक्त गर्नुभयो ।

**११) शेयरधनी सदस्यहरूबाट प्राप्त सुझाव एवं जिज्ञासाको कम्पनीका अध्यक्षज्यूबाट सम्बोधन :**

शेयरधनी सदस्यहरूबाट प्राप्त सुझावहरूको लागि धन्यवाद सहित अध्यक्षबाट आभार प्रकट गर्नुभयो शेयरधनीहरूबाट आएका लिखित सुझावको अध्ययन गरि सो सुझावहरूलाई कार्यान्वयन गर्न कम्पनीले आफ्नो नियमनकारी निकायको निर्देशनको परिधि भित्र रहेर शेयरधनीको जिज्ञासा र सुझावको विषयमा प्रक्रिया अगाडि बढाइने छ भन्दै उहाँले संचालक समितिले जुनसुकै निर्णय गर्दा हाम्रा शेयरधनी महानुभावको सुझाव र चाहनालाई मध्यनजर राखेर सोही बमोजिम नै कार्य गर्दै आइरहेको सभालाई जानकारी गराउनु भयो ।

बीमा क्षेत्रमा समय समयमा आईपरेको विभिन्न चुनौतिहरूलाई उचित सम्बोधन गर्ने गरि अझ शसक्त रणनीति तय गरी अगाडि बढ्नेछौं भनि प्रतिवद्धता व्यक्त गर्नुभयो । हाम्रो एक मात्र उद्देश्य नै सबल सक्षम र प्रतिस्पर्धी बीमा कम्पनी बनाउने रहेकोले सोही बमोजिम कार्यहरू गर्दै आईरहेको र भविष्यमा पनि सोही बमोजिम गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

**१२) प्रस्ताव उपर सभाको निर्णय :**

तत्पश्चात् छलफलका विषय सुचीमा उल्लेखित प्रस्तावहरू सभाद्वारा पारित गर्नका लागि अध्यक्षबाट सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा देहाय अनुसार निर्णय पारित गरियो ।

**क. सामान्य प्रस्तावहरू :**

Signed by:
1FE7B55FFEAC4F4...



आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

**(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा पेश हुने कम्पनीको आ.ब. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिका तर्फबाट अध्यक्षद्धारा पेश भएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

**(२) आ.ब. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।**

आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको सो आ.व.को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहितको छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूवाट सर्वसम्मतिले पारित गरियो ।

**(३) संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

यस कम्पनीको सञ्चालक समितिमा मिति २०८०/११/२० को निर्वाचनवाट सर्वसम्मत निर्वाचित कम्पनीका सर्वसाधारण शेयरधनी तर्फका सञ्चालक श्री राजेन्द्र सिंह भण्डारीज्यूले आफ्नो पदवाट राजिनामा दिनुभएको हुँदा बाँकि कार्यकालका लागि सर्वसाधारण शेयरधनीको तर्फवाट सञ्चालक पदमा श्री उमाकान्त आचार्यज्यूलाई नियुक्त गर्ने गरि सञ्चालक समितिको मिति २०८२ पुस २ गते वसेको ४१औं वैठकमा भएको निर्णय अनुमोदनका लागि पेश हुन आएकोमा सभामा उपस्थित शेयधनीहरूवाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

**(४) कम्पनीको हाल कायम चुक्ता पूंजी रू.३,०२,९३,३४,६३९।- (अक्षरेपी तीन अरब दुई करोड त्रियानब्बे लाख चौतिस हजार छ सय उनान्चालिस मात्र) को ५ प्रतिशतका दरले हुन आउने रू.१५,१४,६६,७३१।९५।- (अक्षरेपी पन्ध्र करोड चौध लाख छैसठ्ठी हजार सात सय एकतिस र पैसा पन्चानब्बे) (नगद लाभांशमा लाग्ने कर समेत) नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।**

कम्पनीको हाल कायम चुक्ता पूंजी ३,०२,९३,३४,६३९।२० (अक्षरेपी तीन अरव दुई करोड त्रियानब्बे लाख चौतिस हजार छ सय उनान्चालिस पैसा बीस मात्र) को ५ प्रतिशतका दरले हुन आउने रू.१५,१४,६६,७३१।९५।- (अक्षरेपी पन्ध्र करोड चौध लाख छैसट्ठी हजार सात सय एकतिस र पैसा पचानब्बे) (नगद लाभांशमा लाग्ने कर समेत) नगद लाभांश वितरण गर्ने सम्बन्धमा छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूवाट सर्वसम्मतिले पारित गरियो ।

**(५) आ.ब.२०८२/०८३ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने (हालको लेखापरिक्षक MRU Associates पुनः नियुक्त गर्ने) सम्बन्धमा ।**

कम्पनीको आ.व.२०८२।०८३ को लागि बाह्य लेखापरीक्षकमा MRU and Associates, Chartered Account कम्पनीलाई पुनः नियुक्ती गर्ने र निजलाई आ.व.२०८१।०८२ को लेखापरिक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण (Long form Audit) नेपाल धितोपत्र बोर्डको विवरण र दफा ७८ सहितमा दस्तखत गर्ने जिम्मेवारी सहित कूल रू.५००,०००।-( अक्षरेपि पाँच लाख) भ्याट बाहेक लेखा परीक्षण शुल्क प्रदान गर्ने गरी नियुक्त गर्ने बिषयमा कम्पनीको लेखा परिक्षण उपसमितिवाट सिफारीस साथ सचालक समितिबाट निर्णय भई

Signed by:
1FE7B55FFEAC4F4...



आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

Docusign Envelope ID: 3E262138-42FC-4F7C-95FD-5F0E42C15F0D

अनुमोदनका लागि पेश हुन आएको प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा उपस्थित शेयधनीहरूबाट सर्वसम्मत रुपमा पारित गरियो ।

**ख. विशेष प्रस्तावहरू:**

**(१) कम्पनीको नियमावलीको नियम ९(छ) (२) संशोधन गर्ने सम्बन्धमा ।**

कम्पनीको तपसील वमोजिम नियमावलीको नियम ९ को उपदफा (६) को (२) मा संशोधन गरी कूल जारी शेयर संख्याको ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्नीमा सात जना शेयरधनीहरू स्वय वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई सभाको लागि गणपुरक संख्या पुगेको मानिने छैन् भनि पेश भएको संशोधन प्रस्ताव सर्वसम्मतिले पारि गर्ने निर्णय गरियो ।

**(२) कम्पनीको प्रवन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

कम्पनीको प्रवन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी विषेश प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

joshiuma77@gmail.com

**ग. विविध ।**

विविध शिर्षक अन्तर्गत कुनै पनि विषयमा छलफल भएन ।

**अन्तमा,**

सभाअध्यक्षबाट सभा विर्सजनका क्रममा कम्पनीको २८औं वार्षिक साधारणसभामा भाग लिएर अमूल्य सुझावहरू दिनुहुने आदरणीय शेयरधनी महानुभावलाई धन्यवाद तथा आभार व्यक्त गर्नुभयो । कम्पनीको पूर्व संचालकज्यू, संचालक समितिका सदस्यज्यू र सम्पूर्ण सहकर्मी साथीहरूमा धन्यवाद र आभार व्यक्त गर्नु भयो । सभाध्यक्षले कम्पनी सूचारू रूपले संचालनको लागि सहयोग पुऱ्याउनु हुने सवै पक्षलाई आभार प्रकट गर्दै कम्पनीलाई विश्वास गरी निरन्तर सेवाको अवसर प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरू साथै कम्पनीमा कार्यरत निष्ठावान, अनुशासित, मेहनती, उर्जावान सवै कर्मचारीहरूलाई पनि धन्यवाद तथा आभार प्रकट गर्दै २८औं साधारणसभा को कार्यक्रम समापन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| उमा जोशी<br>कम्पनी सचिव | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं | Signed by:<br>हेम राज ढकाल<br>1FE7B55FFEAC4F4...<br>अध्यक्ष |

**.....समाप्त.....**